# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी रानीचौर सामुदायिक वन उपभोक्ता समुहका तत्कालीन अध्यक्ष **कर्ण बहादुर शाही** मु.नं (०८१-CR-०१२०) फैसला मिति २०८२।०८।०३ | गलत लिखत तयार पारी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको। | **आयोगको माग दावी**<br>• प्रतिवादी कर्ण वहादुर शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू. ६,३६,०४७/- (अक्षेरुपी छ लाख छत्तीस हजार सच्चालिस मात्र) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो रकम निज प्रतिवादीबाट असुल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरमा निज प्रतिवादीलाई सोही ऐनको दफा ९ र दफा ११ बमोजिम सजाय हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादी कर्ण बहादुर शाहीलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफाले निर्देशन गरे अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम रु.३,३१,१४७/- (तीन लाख एकतीस हजार एक सय सत्चालीस) जरिवाना र ६ महिना कैदको सजाय हुने र सो बाहेकको अन्य दावी पुग्न नसक्ने।<br>• प्रतिवादी उपर दावी लिईएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ११ र दफा १७ बमोजिमको कसुर गरेको ठहर हुने गरि फैसलाको ठहर खण्डमा उल्लेख गरेतापनि सजाय निर्धारण खण्डमा मागदावी गरिएको दफा ९ र दफा ११ को हकमा सजाय हुने नहुने स्पष्ट विवेचना भएको नदेखिएको ।<br>• | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• कर चुक्ता बापतको रु.३,६५,१००/- को हकमा निज प्रतिवादीले तिरे बुझाएको राजश्व रु.३३,९५३/- कट्टा गरी बाँकी हुन आउने रु.३,३१,१४७/- बिगो बराबरको रकम नेपाल सरकारले प्राप्त गर्नुपर्ने राजश्व यी प्रतिवादीले बदनियत गरी हिनामिना तथा दुरुपयोग गरेको देखिएको।<br>• वन उपभोक्ता समूहको रकम निकासाको लागि मिति २०७८।१०।२३ को उपभोक्ता समूहको निर्णयमा उल्लिखित वन हेरालुले पाउन बाँकी भुक्तानी बापतको रु.२,६१,०००/- तथा लेखा परीक्षण अतिथि सत्कार बापत रु.८०,७५०/- र आतेजाते नास्ता खाना बापत रु.२५,२००/- र फछ्र्यौट हुन बाँकी रकमको हकमा भुक्तानी पाउन सम्बन्धित व्यक्तिले यी प्रतिवादी उपर दावी गर्न सक्ने नै देखिएको।<br>• प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ११ र दफा १७ बमोजिमको कसुर ठहर हुने भनी फैसलाको ठहर खण्डमा उल्लेख भए तापनि सजाय निर्धारण गर्दा दफा ९ र दफा ११ बमोजिमको सजायमा फैसला मौन रहेको। | • जिल्ला जाजरकोट, भेरी नगरपालिका वडा नं. १० स्थित रानीचौर सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षले वनको राजश्व रकम हिनामिना गरेको भन्ने व्यहोराको उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा मिसिल संलग्न संकलित डिभिजन वन कार्यालय जाजरकोटको प्रतिवेदन सहितको प्राप्त कागजपत्र, कृषि विकास वैंक लिमिटेड शाखा कार्यालय सुर्खेतबाट राजस्व दाखिला सम्बन्धमा प्राप्त पत्र विवरण, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट प्राप्त पत्र विवरण, नेपाल बैंक लिमिटेड शाखा कार्यालय जाजरकोटबाट प्राप्त बैंक स्टेटमेन्ट सहितको विवरण, आयोगको कार्यालय सुर्खेतबाट रानीचौर सामुदायिक वन उपभोक्ता समूहका हालका अध्यक्ष शेरे रानाले निवेदनसाथ पेश गरेका नक्कली राजस्व दाखिला भौचर र विलहरु साथ प्राप्त पत्र विवरण, प्रतिवादी/शंकितहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज, बिल भेरीफिकेशन कागज लगायत प्रमाण कागजातहरु अध्ययन **विश्लेषण गरी हेर्दा** जिल्ला जाजरकोट, रानीचौर सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष कर्ण बहादुर शाहीको अध्यक्षतामा मिति २०७८/१०/२३ गते बसेको बैठक माईन्युटिङ अनुसार निर्णय नं. ५ मा लेखा परीक्षण मिलान खर्च र खातापाता मिलान खर्च रु.८०,७५०।-(असी हजार सात सय पचास मात्र) आतेजाते खाजा नास्ता अतिथि सत्कार गरी रु.२५,२००।-(पच्चीस हजार दुई सय मात्र), वन हेरालु तर्फ भुक्तानी गर्न बाँकी रु.२,६१,०००।- (दुई लाख एकसट्ठी हजार मात्र) र आ.व. ०७१/०७२ देखि आ.व. ०७७/०७८ सम्मको कर चुक्ता रू.३,६५,१००।-(अक्षेरूपी तीन लाख पैसट्ठी हजार एक सय मात्र) गरी जम्मा **रु. ७,३२,०५०।- (अक्षेरूपी सात लाख बत्तीस हजार पचास मात्र)** बराबरको रकम डिभिजन वन कार्यालयबाट भुक्तानी निकासा माग गर्ने भनी निर्णय भएको देखिन्छ। उक्त सामुदायिक वन उपभोक्ता समूहको नाममा रहेको नेपाल बैंक लिमिटेड जाजरकोट शाखा स्थित खाता नं. ०७५००१०११९४४३९००००१ बाट मिति २०७८।१२।२० वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष कर्ण बहादुर शाहीको नाममा काटिएको चेकमार्फत प्रेम बहादुर रानाले **रु. ७,००,०००।—(अक्षेरुपी सात लाख मात्र)** रकम भुक्तानी लिएको देखिन्छ । सो रकममध्ये रानीचौर सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष कर्ण बहादुर शाहीले आर्थिक वर्ष ०७१/०७२ देखि ०७७/०७८ सम्मको विभिन्न १४ वटा राजस्व शीर्षकमा मिति २०७८/१०/२५ गते राजस्व वापत जम्मा रू.३३,९५३।-(अक्षेरूपी तेत्तीस हजार नौ सय त्रिपन्न मात्र) दाखिला गरेको र लोग बहादुर शाही घ वर्गको लेखा परीक्षकलाई ६ वर्ष (आ.व.२०७२/०७३ देखि ०७७/०७८ सम्म) को लेखापरीक्षण शुल्क प्रति वर्ष रू ५,०००।-(अक्षेरूपी पाँच हजार मात्र) का दरले हुन आउने जम्मा रकम रू.३०,०००।-(अक्षेरूपी तीस हजार मात्र) तिरे बुझेको समेत गरी कुल जम्मा रू. **६३,९५३।-(अक्षेरुपी त्रिसठ्ठी हजार नौ सय त्रिपन्न मात्र)** रकम निज प्रतिवादी कर्ण बहादुर शाहीले खर्च गरे मिले कै देखिदा रू. **६३,९५३।-(अक्षेरुपी त्रिसठ्ठी हजार नौ सय त्रिपन्न मात्र)** को हकमा आरोप दावी रहेको देखिदैन। निज प्रतिवादी कर्ण बहादुर शाहीले विभिन्न मितिमा कृषि विकास वैंक लिमिटेड सुर्खेतमा राजस्व जम्मा गरेका झुट्टा तथा नक्कली बैंक दाखिला भौचर, कुशे व्यावसायिक परामर्श तथा अनुसन्धान सेवा जाजरकोटबाट रानीचौर सामुदायिक वन उपभोक्ता समूहको लेखापरीक्षण गराईएको भनी जारी गरिएका नक्कली बिल, राज परामर्श सेवा सुर्खेतबाट सेवा लिएको भनी भुक्तानी दिइएको नक्कली बिल र होटल धौलागिरी एण्ड रेष्टुरेन्टको खर्च विवरणको नक्कली बिल समेत बनाई खर्च भएको देखाई बदनियत राखी निज प्रतिवादी कर्ण बहादुर शाहीले रानीचौर सामुदायिक वन उपभोक्ता समूहको **रू. ६,३६,०४७।-(अक्षेरुपी छ लाख छत्तीस हजार सतचालीस मात्र)** रकम हानि नोक्सानी गरेको तथ्य स्थापित भई रहेको देखिदा देखिदै रु.३,३१,१४७/- विगो मात्र ठहर गरि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादीले नोक्सानी गरेको रकम मध्ये वन हेरालुले भुक्तानी पाउनु पर्ने रु.२,६१,०००/- तथा लेखा परीक्षण अतिथि सत्कार बापत खर्च भएको भनि देखाएको रु.८०,७५०/- र आतेजाते नास्ता खाना बापत भनि देखाएको रु.२५,२००/- रकमको हकमा भुक्तानी पाउन सम्बन्धित व्यक्तिले यी प्रतिवादी उपर दावी गर्न सक्ने नै देखिएको भनि रानीचौर सामुदायिक वन उपभोक्ता समुहका अध्यक्षले वन समितिको हिनामिना हानी नोक्सानी गरेको सार्वजनिक सरकारी रकम हिनामिना हानी नोक्सानीको विषयलाई ब्यक्तिगत लेनदेन जस्तो विषयमा परिणत गरी सो तर्फ सम्बन्धित ब्यक्तिले दावी गर्न सक्ने गलत तर्क गरी प्रतिवादीलाई कम विगोको आधारमा कम सजाय हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदर भागी छ ।<br>• कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय सुर्खेतबाट प्राप्त पत्रबाट प्रतिवादी कर्ण बहादुर शाहीले राजस्व दाखिला गरेको भनी उल्लेख गरेका भौचर नं. ९६६९३३ देखि ९६६९४६ सम्मका १४ वटा भौचरहरु नक्कली रहेको र उक्त भौचर अनुसारको रकम बैंकमा दाखिला नभएको भन्ने व्यहोरा खुली आएको हुँदा प्रतिवादीले नक्कली बैंक भौचरहरु बनाई जम्मा रकम रु.४,७३,९५०।— राजस्व दाखिला गरेको भन्ने प्रतिवादीको दावी गलत रहेको तथ्य कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय सुर्खेतबाट प्राप्त पत्रबाट स्थापित भएको देखिन्छ। त्यसै गरी कुशे व्यवसायिक परामर्श तथा अनुसन्धान सेवा केन्द्रबाट प्राप्त पत्र हेर्दा, आफ्नो सेवा केन्द्रले रानीचौर सामुदायिक वन उपभोक्ता समूहको लेखा परीक्षण नगरेको र आफ्नो सेवा केन्द्रबाट जारी भएका ७ वटा रसिदहरु नं.१८१, १८२, १८४, १८५, १८६, १८७ र १८८ बाट हुन आउने जम्मा रकम रु.१,१९,०००।- समेत आफ्नो सेवा केन्द्रले प्रतिवादीबाट नलिएको भन्ने व्यहोरा खुलाई पठाएको देखिन्छ । प्रतिवादीले राज परामर्श सेवा सुर्खेतलाई भुक्तानी गरेको भनिएको जम्मा रु.२०,०००।— समेत उक्त राज परामर्श सेवाका संचालक सीता खडकाले अनुसन्धानका क्रममा कागज गर्दा *मिति २०७८/१०/२५ गतेको राज परामर्श सेवाबाट रानीचौर सामुदायिक वनका नाममा जारी गरिएको बिल थान-१ (बिल नं.३५) बमोजिमको कारोवार झुट्टा हो* भनी कागज गरिदिएको देखिन्छ। त्यस्तै प्रतिवादीले होटल धौलागिरी एण्ड रेष्टुरेन्टलाई भुक्तानी गरेको भनी दावी गरेको जम्मा रु.३६,९५०।— समेत उक्त होटल धौलागिरी एण्ड रेष्टुरेन्टका संचालक बिर बहादुर थापाले अनुसन्धानका क्रममा कागज गर्दा *रानीचौर सामुदायिक वन उपभोक्ता समूहसँग कुनै कारोवार गरेको छैन प्रतिवादीले पेश गरेका बिलहरु झुट्टा हुन्* भन्ने व्यहोरा लेखाइदिएको देखिँदा प्रतिवादीको दावी जिकिर खण्डित भएको देखिन्छ । त्यस्तै राज परामर्श सेवा सुर्खेतकी संचालक सिता खड्काले अदालतमा बकपत्र गर्दा समेत उक्त बिल मैले दिएको होइन भनी स्पष्ट व्यहोरा लेखाइदिएको समेतका आधार कारणबाट यी प्रतिवादी कर्ण बहादुर शाहीले झुट्टा तथा नक्कली विल/भौचर तयार पारी निजले आफूलाई लाभ र रानीचौर सामुदायिक वन उपभोक्ता समूहको **रू.६,३६,०४७।-(अक्षेरुपी छ लाख छत्तीस हजार सतचालीस मात्र)** हानि नोक्सानी पुऱ्याएको तथ्य अनुसन्धानको क्रममा कागज गर्ने सिता खड्का समेतको बकपत्र एवं कृषि विकास बैंक समेतको पत्र समेतका प्रमाण कागजातहरुवाट पुष्टि भएको देखिँदा देखिँदै उक्त प्रमाणहरुलाई नजरअन्दाज गरी प्रतिवादीलाई आरोप दावीभन्दा कम सजाय हुने गरी ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदर योग्य छ।<br>• रानीचौर सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष प्रतिवादी **कर्ण बहादुर शाहीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा** *"रानीचौर सामुदायिक वनको राजस्व हिनामिना गरेको भन्ने सम्बन्धमा समूहमा लगानी भएको हो, कागजपत्र मिलान गर्दा मैले गल्ती गरेको हो, कृषि विकास वैंकमा ११ वर्षको राजस्व बुझाएको होईन र रू.४,७३,९५०।- राजस्व भौचर डुब्लीकेट हो, यसमा मेरो ठूलो गल्ती भयो, मिति २०७८/१२/२० गते मैले प्रेम बहादुर रानाबाट रकम रू.७,००,०००।-(अक्षेरुपी सात लाख मात्र) प्राप्त* गरी *सकेको छु, कुशे व्यवसायिक परामर्श तथा अनुसन्धान सेवा जाजरकोटले लेखापरीक्षण गरी ११ वर्षको ७ हजारको दरले ७७ हजार तिरेको हो; बाँकी रकम साहुलाई तिरेको व्याजको हिसाब मिलान गरी डुब्लिकेशन गरेको हो, कसैलाई दोष दिन्न, मेरो भुल भयो, गाडी भाडा बाटाको खाना खर्चको बिल नराखेकोले* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | *होटलको बिल राखेको हो"* भन्ने समेत व्यहोराको साबिती बयान गरेको देखिन्छ। प्रतिवादीले अनुसन्धानका क्रममा आफू साबिती भई गरेको बयान व्यहोरालाई प्रमाणका रुपमा ग्रहण नगरी अदालतमा बयान गरेको आंशिक इन्कारी बयानलाई मात्र आधार लिई प्रतिवादीलाई कम सजाय हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>• यी प्रतिवादी कर्ण बहादुर शाहीले हानी नोक्सानी गरेको बिगो रकम रू. ६,३६,०४७।-(अक्षेरुपी छ लाख छत्तीस हजार सतचालीस मात्र) मध्ये वन हेरालुले पाउन बाँकी भुक्तानी बापतको रु.२,६१,०००/-, लेखा परीक्षण अतिथि सत्कार बापत रु.८०,७५०/- र आतेजाते नास्ता खाना बापत रु.२५,२००/- र फछ्यौंट हुन बाँकी रकमको हकमा भुक्तानी पाउन सम्बन्धित व्यक्तिले निज प्रतिवादी कर्ण बहादुर शाही उपर दावी गर्न सक्ने नै देखिएको भनी फैसला भए तापनि निज प्रतिवादीबाट भएका उक्त कार्य भ्रष्टाचारजन्य कसुर हुन् वा होइनन् भन्ने हेरिनुपर्छ । प्रस्तुत मुद्दाका प्रतिवादी कर्ण बहादुर शाहीले रानीचौर सामुदायिक वन उपभोक्ता समूहका लागि खर्च गरेको भनिएको खर्च विवरण उल्लिखित सम्बन्धित संस्था एवम् व्यक्तिबाट प्राप्त कागज प्रमाणबाट नक्कली भएको पुष्टि भएकै देखिन्छ। यसै सन्दर्भमा **वादी नेपाल सरकार विरुद्ध प्रा.डा. पदमलाल देवकोटा समेत भएको भ्रष्टाचार समेत** मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट *"सामान्य समझको व्यक्तिले विश्वास गर्न नसकिने अस्वाभाविक प्रकृतिका खर्चका बिल राखी एउटा विषयको लागि भनेर लिइएको पेस्की रकम अर्कै बेहोराको खर्च देखाई फछ्र्यौट गरिनु र उक्त कार्य पटकपटक दोहोर्‍याई गरिनु जस्ता कार्यलाई सामान्य प्रक्रियागत त्रुटि वा बेरूजु देखाई सच्याउने विषय मात्र भएको भनी मान्न नमिल्ने"* (ने.का.प., भाग ६६, २०८१ ज्येष्ठ, नि.नं. ११२४३) भनी प्रतिपादन सिद्धान्त समेतको आधारमा यि प्रतिवादी कर्ण बहादुर शाहीलाई आरोप दावी बमोजिमको विगो ठहर गरि सजाय गर्नु पर्नेमा आंशिक विगो रु. रु.३,३१,१४७/- मात्र ठहर गरि भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।<br>• यी प्रतिवादी कर्ण बहादुर शाही उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ अन्तर्गतको गलत लिखत (नक्कली बिल भौचर तयार गरेको) तयार गरेको कसूरमा, दफा ११ अन्तर्गत सरकारी कागजात सच्याउने कसूरमा, दफा १७ अन्तर्गत सार्वजनिक सम्पतिको हानी नोक्सानी गर्ने कसूर समेतमा सजायको मागदावी लिई आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट फैसला गर्दा फैसलाको ठहर खण्ड तथा प्रकरण नं. ३४ मा प्रतिवादी कर्ण बहादुर शाहीले भुक्तानी लिएको वन उपभोक्ता समूहको पेस्की रकम रु.७,००,०००।— का विषयमा नक्कली बिल भर्पाई तथा बैंक भौचरहरु समेत पेश गरेको तथ्य पुष्टि भएको देखिँदा निज प्रतिवादीले अभियोग दावीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ११ र दफा १७ बमोजिमको कसुर गरेको ठहर गरी सजाय निर्धारण खण्डमा (फैसलाको प्रकरण नं.३६ मा) निज प्रतिवादीलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा निर्देशित दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जम्मा रु.३,३१,१४७/- (तीन लाख एकतीस हजार एक सय सत्चालीस) मात्र विगो कायम गरि सोही विगो बमोजिम जरिवाना र ६ महिना कैदको सजाय हुने र सो बाहेकको अन्य दावी पुग्न नसक्ने बेहोरा उल्लेख गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ अन्तर्गतको गलत लिखत (नक्कली बिल भौचर तयार गरेको) तयार गरेको कसूरमा, दफा ११ अन्तर्गत सरकारी कागजात सच्याउने कसूरमा सजाय निर्धारण खण्डमा व्याख्या विवेचना नगरी भएको फैसला मुद्दाका पक्षहरुले दावी लिईएका सबै Issue हरुमा अदालतले फैसला गर्दा आधार कारण सहित विश्लेषण गर्नु पर्ने न्यायिक सिद्धान्त विपरीत भई त्रुटिपूर्ण देखिँदा उक्त फैसला सो हद सम्म बदर भागी छ ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतबाट प्रतिवादी कर्ण बहादुर शाहीलाई आरोप दावीभन्दा कम सजाय हुने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरी निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |